# प्रदेश सरकार, प्रदेश नं. ५, मन्त्रिपरिषद्को निर्णय

**प्र.मं.प.बै.सं. ७/२०७६**

**२०७६ साल असार ९ गते सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** घोराही उप-महानगरपालिका र चीनको सिचुआन प्रान्तस्थित यान (Ya'an) नगरपालिकाबीच भगिनी सम्बन्ध कायम गर्न नेपाल सरकारमा सिफारिस पठाउने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** ठाकुरबाबा नगरपालिकाको चीनको सिचुआन प्रान्तस्थित यान (Ya'an) नगरपालिका र चीनको गुइझाउ (Guizhou) प्रान्तस्थित लिउ पानसुयी (Liu Panshui) नगरपालिकासँग भगिनी सम्बन्ध कायम गर्न नेपाल सरकारमा सिफारिस पठाउने।

४. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** माननीय मुख्यमन्त्री श्री शंकर पोखरेलबाट २०१९ जुलाई १ देखि १० सम्म हुने मित्रराष्ट्र चीनको भ्रमण कार्यक्रममा भ्रमण दलमा संलग्न हुने पदाधिकारीहरुको मनोनयन र भ्रमण खर्च स्वीकृत गर्ने।

५. **सामाजिक विकास मन्त्रालयः-** लमही नगरपालिकाले उपलब्ध गराएको जग्गामा प्रादेशिक ट्रमा सेन्टर स्थापना गर्ने।

६. **सामाजिक विकास मन्त्रालयः-** ज्येष्ठ नागरिक ग्राम तथा अपाङ्गता नागरिक ग्राम निर्माण गर्न स्वीकृती प्रदान गर्ने।

७. प्रदेश नं. ५, प्रदेश योजना आयोगका उपाध्यक्ष डा. प्रकाश कुमार श्रेष्ठले प्रदेश योजना आयोगको उपाध्यक्ष पदबाट दिनुभएको राजीनामा मिति २०७६/२/१४ देखि लागू हुने गरी स्वीकृत गर्ने। निज डा. श्रेष्ठले उक्त पदमा रही गर्नु भएको योगदानका लागि धन्यवाद दिने।

८. प्रदेश योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०७४ को दफा ३ (२) (ख) बमोजिम प्रदेश नं. ५, प्रदेश योजना आयोगको उपाध्यक्षमा रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ८ का प्रा. डा. ईश्वर गौतमलाई नियुक्त गर्ने।